## बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, हेटौंडाको

## चिकित्सक तथा स्वास्थ्यकर्मी लगायत जनशक्ति करार सेवामा भर्ना गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति:२०७९/०५/१४

यस मन्त्रालय र मातहतको निकायहरुमा आ.व. २०७९/०८० को स्वीकृत अस्थायी दरबन्दीमा चिकित्सक तथा स्वास्थ्यकर्मी लगायतको जनशक्ति मिति २०७९।०४।२७ मा सूचना आह्वान गर्दा पदपूर्ति हुन नसकेकाले देहाय अनुसारको पदहरुमा २०८० असार मसान्तसम्मका लागि करार सेवामा भर्ना गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट आबेदनसाथ संलग्न गर्नुपर्ने कागजात र राजश्व तिरेको भौचर सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आवेदन दिनु हुन यो सूचना पुनः प्रकाशित गरिएको छ ।

| वि.नं. | पद | तह | सेवा | समुह | उपसमुह | संख्या |
|---|---|---|---|---|---|---|
| ५१/२०७९-०८० | कन्सल्टेन्ट न्यूरोलोजिष्ट (फिजिसियन) | नवौ | स्वास्थ्य | मेडिसिन | न्यूरोलोजी | ३ |
| ५२/२०७९-०८० | कन्सल्टेन्ट कार्डियोलोजिष्ट | नवौ | स्वास्थ्य | मेडिसिन | कार्डियोलोजी | ३ |
| ५३/२०७९-०८० | कन्सल्टेन्ट चेष्ट फिजिसियन | नवौं | स्वास्थ्य | मेडिसिन | चेष्ट फिजिसियन | १ |
| ५४/२०७९-०८० | कन्सल्टेन्टज फिजिसियन | नवौ | स्वास्थ्य | मेडिसिन | | ७ |
| ५५/२०७९-०८० | कन्सल्टेन्ट रेडियोलोजिष्ट | नवौ | स्वास्थ्य | रेडियोलोजी | | ३ |
| ५६/२०७९-०८० | कन्सल्टेन्ट पेडीयाट्रीसियन | नवौ | स्वास्थ्य | पेडीयाट्रीकस | | ४ |
| ५७/२०७९-०८० | कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट | नवौ | स्वास्थ्य | एनेस्थेसियोलोजी | | २ |
| ५८/२०७९-०८० | कन्सल्टेन्ट अब्स/गाईने. | नवौं | स्वास्थ्य | गाईनोकोलोजी | | ५ |

- **छनोटको आधारः** अन्तरवार्ता प्रक्रिया (अन्तरवार्ता, कार्यानुभव, न्युनतम योग्यताको श्रेणी र तालिम)
- **उम्मेदवारको उमेर हदः "चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा ब्यावस्थापन सम्बन्धी कार्यविधि, २०७८"** बमोजिम ।
- **उम्मेदवारले काम पर्ने कार्यालयः** १३ जिल्लाका अस्पतालहरु ।
- **विस्तृत विवरणः** यस मन्त्रालयको वेवसाइट http:// www.moh.bagamati.gov.np हेर्न सकिन्छ ।
- **आवश्यक न्युनतम शैक्षिक** योग्यताः स्वास्थ्य सेवाका लगि **"नेपाल स्वास्थ्य सेवा ऐन, २०५३"**, "नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५" मा उल्लेख भए बमोजिम हुने ।
- **सेवा सुविधाः** प्रचलित नियमानुसार ।
- **दरखास्त दस्तुरः** नवौ तहः रु. १५००
- **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातः** क) न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ग) सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी घ) उत्तिण श्रेणी खुलेको चारित्रिक प्रमाणपत्रको प्रतिलिपी ङ) कार्यानुभव र तालिमको कागजात एवं प्रमाणपत्रको प्रतिलिपी ।
- **आवेदन दस्तुरः** प्रदेश लेखा नियन्त्रक कार्यालयको राष्ट्रिय वाणिज्य बैंकमा रहेको खाता नं. १०००१००२०००१०००० मा यस मन्त्रालयको कोड नं. ३७०००३२०१३, राजश्व शिर्षक नं. १४२२४ परीक्षा शुल्क शिर्षकमा बुझाई सो को भौचर आवेदन साथ पेश गर्नुपर्नेछ ।
- **आवेदन फारमः** यस मन्त्रालयको वेवसाइट http:// www.moh.bagamati.gov.np बाट डाउनलोड गर्ने र सो डाउनलोड गरेको फाराम भरी पेस गर्न सकिन्छ ।

- अन्तरवार्ता हुने मितिः स्वास्थ्य मन्त्रालय, बागमती प्रदेशको उक्त वेवसाइट र सूचना पाटीमा पछि प्रकाशन गरिनेछ ।
- **आवेदन बुझाउने स्थानः** कार्यालय समय भित्र स्वास्थ्य मन्त्रालयको प्रशासन शाखा र १३ वटै जिल्ला स्वास्थ्य कार्यालयहरुमा वा **इमेल ठेगानाः vacancymoh@gmail.com** मा बुझाउन सकिनेछ ।
- **रितपुर्वक प्राप्त नभएको दरखास्त उपर कुनै कार्वाही हुने छैन । यसमा लेखिए देखि बाहेक अन्य कुराहरु छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।**
- थप जानकारीको लागि यस मन्त्रालयको फोन नं. ०५७-५९०३९२, ५९०३९३ मा वा वेवसाइट http://www.moh.bagmati.gov.np मा सम्पर्क गर्न सकिनेछ ।

**बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, हेटौंडाको**

**चिकित्सक तथा स्वास्थ्यकर्मी लगायत जनशक्ति करार सेवाको नतिजा प्रकाशन सम्बन्धी सूचना**

यस मन्त्रालयले मिति २०७९\०४\२७ गते प्रकाशन गरेको सूचना अनुसार विज्ञापन नं. ३\२०७९-८० देखि १७\२०७९-८० सम्मको स्वास्थ्य सेवाका अधिकृत नवौ तहका पदहरुमा दरखास्त दिनुभएका उम्मेदवारहरुले दिएको अन्तर्वार्ता लगायतको मूल्याङ्कन विधिबाट छनौट भएका सफल उम्मेदवारहरुको नजिता प्रकाशन गरिएको छ । यस सम्बन्धि सफल र बैकल्पिक उम्मेदवारहरु योग्यताक्रम सहितको नामावली लगायत विस्तृत विवरण स्वास्थ्य मन्त्रालय बागमती प्रदेशको वेवसाईट moh.bagmati.gov.np हेर्न हुन अनुरोध छ ।